नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
बाढी पूर्वानुमान शाखा
E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS

# विशेष बाढी पूर्वानुमान वुलेटिन

**जारी मिति: २६ आषाढ २०७४, बेलुकी ६ बजे**

## आगामी २४ घण्टा बाढी जोखिम कहां?

१) **पूर्वी तराईको अधिकांश स्थान विशेष गरी सप्तरी देखि बारा सम्म, चुरेबाट प्रबाह हुने नदी प्रणाली (त्रियुगा, खांडो, रातु, गागन लगायत) मा उच्च जोखिम, सोही क्षेत्रको महाभारतबाट प्रबाह हुने नदी प्रणाली (कमला, बागमती लगायत) मा सामान्य जोखिम, हिमाली क्षेत्रबाट प्रबाह हुने नदी प्रणाली (सप्तकोसी) मा पनि सामान्य जोखिमको संभावना**

२) **नारायणी नदी जलाधार देखि महाकाली सम्मै, विशेष गरी चुरेबाट प्रबाह हुने नदी प्रणाली (बिनय खोला, अरुण खोला, तिनाउ खोला, बाणगङ्गा, झिन्झरी, प्रबासोतानाला, डुण्डुवा लगायत) मा उच्च जोखिम, सोही क्षेत्रको महाभारतबाट प्रबाह हुने नदी प्रणाली (पश्चिम राप्ति, बबई लगायत) मा सामान्य जोखिम, हिमाली क्षेत्रबाट प्रबाह हुने नदी प्रणाली (कर्णाली) मा सामान्य जोखिम**

३) **कोसी कर्णाली र महाकालीमा बहाब चेतावनी तह आसपास रहने देखिएकाले जोखिम सामान्य।**

## आम-सर्वसाधारण तथा सरोकारवालामा सुझाब:

**वर्षा हुने क्रम भोली सम्मै निरन्तर रहने देखिएकाले विशेष गरी तराईको क्षेत्रमा पुर्वतयारीसाथ रहनु जरूरी। कोसी, गण्डकी, कर्णाली र महाकाली नदी बाहेकका नदीमा बिगतमा समेत डुबान भइरहने तटीय क्षेत्रका वासिन्दाहरुलाई शुरक्षित स्थानमा राख्नु उचित। अन्यत्रका वासिन्दाहरुलाई भोली सम्म सतर्क रहन सुझाब!**
**देशैभर भोली सम्म पहाडी क्षेत्रमा पहिरोग्रस्त क्षेत्रमा आवतजावत नगर्न सुझाब। वेसीका क्षेत्रमा बसोबास गर्नुहुने वासिन्दाहरुमा नजिकैको खोला वा नदीको नियमित अवलोकन गरिराख्न सुझाब!**

## थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

४) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन

५) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट "सतर्क रहनुहोस" भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!

६) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको हुन्छ। अनि ऐले कुन नदीमा कती बहाब छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।

७) वाढि पूर्वसूचना वा धैरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।

८) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोट: तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

**"कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्बाट आफु पनि वचौं अरुलाई पनि बचाऔं"**

**जनहितको लागि जारी**